बागचौर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**बागचौर,सल्यान**
**कर्णाली प्रदेश,नेपाल**

## 4WD Hardtop Jeep खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना
**(प्रथम पटक प्रकाशित मितिः २०७५/१०/१०)**

यस कार्यालयलाई आवश्यक पर्ने 4WD Hardtop Jeep, E-Bidding मार्फत खरिद गर्नुपर्ने भएकोले उत्पादक कम्पनीको नेपालमा रहेको आधिकारीक बिक्रेता (Importer) ले मात्र देहाय बमोजिमका शर्तहरुको अधिनमा रहि रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रकाशित भएको मिति देखि मिति २०७५/११/१० सम्म कार्यालय समय भित्र बोलपत्र फाराम PPMO को Website www.bolpatra.gov.np/egp बाट Download गरी प्राप्त गर्न सकिनेछ ।

२. PPMO को Website मा तोकिएको मिति तथा समय भित्र बोलपत्रदाताले बोलपत्र दाखिला गर्दा अध्यावधिक रहेको व्यवसाय दर्ता प्रमाणपत्र, कम्पनी वा फर्म दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (VAT) दर्ताको प्रमाणपत्र,स्थायी लेखा नम्बर (PAN) दर्ताको प्रमाणपत्र,आ.व.२०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र, Importer को हकमा उत्पादक कम्पनीबाट यस कार्यालयमा बोलपत्र खरिद तथा दाखिला गर्नको लागि अधिकार प्रत्यायोजन गरेको आधिकारिक पत्र (Manufacturer's Authorization Letter) को प्रमाणित प्रतिलिपीहरु, Bid Submission Form, Price Schedule, Technical Specification, Delivery Schedule तथा बोलपत्र खरिद दस्तुर बापत लाग्ने रकम यस कार्यालयको जनता बैंक नेपाल लिमिटेड,थारमारे, सल्यान शाखामा रहेको संचित कोष खाता नं. ०८३००९०५४९५०२०१ मा जम्मा गरेको भौचर एवं जमानत वापतको रकम यस कार्यालयको जनता बैंक नेपाल लिमिटेड,थारमारे, सल्यान शाखामा रहेको धरौटी खाता नं. ०८३००९०५४९५०२०४ मा जम्मा गरेको भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखि १२० दिन म्याद रहेको बैंक जमानीपत्र( Unconditional Bid Bond) तथा बोलपत्रमा पेश गर्नुपर्ने भनि उल्लेख गरिएका सम्पूर्ण कागजातहरु Scanning गरी तोकिएको ढांचामा Upload गर्नुपर्नेछ । बोलपत्र खरिद गर्ने रसीद, भौचर तथा बैंक जमानी पत्र यो सूचना प्रकाशित भएको मिति पछिको लाई मात्र मान्यता दिईनेछ ।

३. कार्यालयबाट Hard Copy बोलपत्र उपलब्ध गराईने छैन । कुनै बोलपत्रदाताले सम्बन्धित Website बाट बोलपत्र Download गरी यस कार्यालयमा दाखिला गर्न आएमा त्यस्तो बोलपत्र कार्यालयले स्वीकार गर्नेछैन ।

४. बोलपत्रदाताहरुले बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखि ७ (सात) दिन भित्र सम्पूर्ण सक्कल कागजातहरु अनिवार्यरुपमा कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ ।

५. खरिद गरिएका बोलपत्र फारामहरुको महलहरु बोलपत्रदाताले स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहीछाप गरि सूचना प्रकाशित भएको मिति देखि मिति २०७५/११/१२ गते दिनको १२.०० बजे भित्र E-Bidding मार्फत www.bolpatra.gov.np/egp मा बोलपत्र दर्ता गरिसक्नुपर्नेछ । E-Bidding मार्फत दर्ता भएका बोलपत्रहरु बोलपत्र दाखिला गर्ने अन्तिम मितिमा दिनको दिउँसो १४:०० बजे कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछन ।

६. दर्ता हुन आएका बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । साथै रित नपुगेका बोलपत्रहरु उपर कुनै कार्यवाही गरिने छैन ।

७. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८. अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४(संशोधन सहित) तथा नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।

९. बोलपत्र सम्बन्धि अन्य थप केहि कुराहरु बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

१०. यो सूचना सार्बजनिक खरिद अनुगमन कार्यालयको website:www.bolpatra.gov.np र बागचौर नगरपालिका नगरकार्यपालिकाको कार्यालयको website:bagchaurmun.gov.np मा समेत उपलब्ध छ ।

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | फाराम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| BRM/NCB/ GOODS/ 01 /2075/076 | 4WD, RHD Hardtop Jeep, Max. Engine Power Output Not Less than 85 KW, Max. Torque Not less than 280 Nm@ Governed RPM & others are as per approved technical specification. | १ (एक) | ३०००।- | १८५०००।- |

प्रमुख प्रशासकीय अधिकृत